
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ८३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत २४ गते शनिबार ❑ 6 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## २० बर्ष निर्णायक शक्तिमा एमाले हुन्छ: अध्यक्ष ओली

पोखरापत्र संवाददाता
पोखरा, २३ चैत




नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले अबको २० बर्ष एमाले निर्णायक शक्तिको रुपमा रहने बताउनु भएको छ।

एमाले कास्कीको ११ औं अधिवेशनबाट निर्वाचित पदाधिकारीको शपथ ग्रहण कार्यक्रममा शुक्रवार वोल्दै अध्यक्ष ओलीले २० वर्षजति अरू कसैले आस नगर्न अन्य पार्टीलाई आग्रह गर्दै त्यसको विकल्पमा एमाले हुने दाबी गर्नु भएको हो। गत बर्ष आफ्नो कपाल झरेको बताउदै अध्यक्ष ओलीले अहिले कपाल पलाउन थालेको बताउदै आफ्नो कपाल नरोपि आफै पलाउन थालेको दाबी गर्दै अब २० बर्ष एमालेले देशमा निर्णाय शक्तिको रुपमा रहने जनाउनु भयो । एमालेको मिसन ०८४ भनेको एकल बहुमत बनाएर राष्ट्रिय शक्तिको रूपमा स्थापित गर्न खोजेको उहाँले प्रष्ट्याउनु भयो । अवसर पाएका पाएकाले झन धेरै भोकाएको अब त्यसो नहुने बताउनु भयो। लोकतन्त्रलाई गलत परिभाषा गरिदै आएको उहाँले टिप्पढी गर्नु भयो । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसंग बैचारिक विवाद भएकोले कहिले मिल्ने कहिले टाडिने स्वभाविक प्रकृया भएको अध्यक्ष ओलीले बताउनु भयो । स्वच्छ सम्यमित भयर बहस गर्दै एक जुट भएर अघि लाग्नुपर्ने समय आएको उहाँको भनाई थियो । राष्ट्रिय शक्ति भनेको एमाले भएको दाबी गर्दै अध्यक्ष ओलीले अब निर्णायक तहमा राष्ट्रिय शक्तिमा एमालेको बहुमत चाहिने बताउनु भयो । अरु पार्टीलाई पनि साथै लियर एमालेका सुखि नेपाली समृद्ध नेपाल बनाउने अभियानमा अन्य पार्टीलाई समेटे लैजाने जनाउनु भयो । नेकपा एमाले कास्कीको ११ औं जिल्ला अधिवेशनबाट बैनबहादुर अधिकारी क्षेत्री विजयी हुनु भएको थियो। यसैगरी पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई पोखरामा सहकारी पिडितहरुले ज्ञापन पत्र बुझाउनु भएको छ । एमाले कास्कीको ११ औं अधिवेशनबाट निर्वाचित पदाधिकारीको शपथ ग्रहण कार्यक्रममा आउनु भएको पूर्वप्रधानमन्त्री ओलीलाई कास्कीका सहकारी पिडितहरुले ज्ञापनपत्र बुझाउनु भएको हो।

सहकारी पिडितहरुले सहकारीको रकम हिना मिना गर्नेहरुको कार्वाही सहित आफुहरुको रकम फिर्ता गराउन पहल गर्न आग्रह गरेको सहकारी प्रभावित मध्यका एक राजेन्द्र प्रसाद तिमिल्सिनाले बताउनु भयो। सहकारी पिडितहरु कार्यक्रम स्थल अगाडी पोखरा सभागृह गेट अगाडी धर्ना समेत दिनु भएको थियो । कास्कीमा करिब १० वटा सहकारीहरु समस्यामा हुदा करिब ६ अर्ब भन्दा बढीको आम पोखरेलीको रकम हिनामिना भएको छ।

## 'क्वार्ज क्रिष्टल'ले गोरखाको पर्यटन प्रवर्द्धनमा इँट्टा थपेको छ : प्रधानमन्त्री दाहाल

पोखरापत्र संवाददाता
गोरखा, २३ चैत



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बहुमूल्य धातु 'क्वार्ज क्रिष्टल' ले गोरखाको पर्यटन प्रवर्द्धनमा नयाँ इँट्टा थपिएको बताउनुभएको छ।

गोरखा नगरपालिकाले शुक्रबार गोरखा दरबार परिसरमा आयोजना गरेको क्वार्ज क्रिष्टल प्रतिस्थापन कार्यक्रममा उहाँले ऐतिहासिक र पुरातात्विक महत्व बोकेको जिल्लामा बहुमूल्य धातु क्वार्ज क्रिष्टलको प्रतिस्थापन हुनुले यहाँको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो । "क्वार्ज क्रिष्टल प्रतिस्थापनले यस क्षेत्रको महत्व र भूमिकालाई अझ व्यापक रूपमा स्थापित गर्छ भन्ने मेरो विश्वास छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "यसले गोरखाको पर्यटन विकासमा पनि थप गुणात्मक भूमिका खेल्नेछ ।" उहाँले क्वार्ज क्रिष्टलको सुरक्षा व्यवस्था गम्भीरतापूर्वक मिलाउन र ऐतिहासिक स्थललाई थप व्यवस्थित बनाउन सम्बन्धित सबैलाई निर्देशन दिनुभयो। तत्कालीन राजा पृथ्वीनारायण शाहको गद्दी कक्षमा उक्त क्वार्ज क्रिष्टल प्रतिस्थापन गर्नुअघि दरबार परिसरमा उक्त क्वार्ज क्रिष्टलमा शिला पूजासमेत गरिएको थियो। "ऐतिहासिक तथा पुरातात्विक महत्वको गोरखा दरबारमा बहुमूल्य धातुको प्रतिस्थापन गर्दै गर्दा म गणतन्त्र नेपालको घोषणासँगै पहिलो पटक दरबार परिसरमा आएर यहाँको अवलोकन गर्ने मौका पाएको छु", प्रधानमन्त्री दाहालले भन्नुभयो, "योसँगै अर्को ऐतिहासिक कामको थालनी भएको छ। बहुमूल्य धातु क्वार्ज क्रिष्टल प्रतिस्थापन गर्ने अवसर पाएकामा खुसी छु ।" उहाँले गोरखाको ऐतिहासिकतालाई संवर्द्धन गर्न आफ्नो ठाउँबाट भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । "गोरखा जिल्लाका नागरिकले केही ऐतिहासिक विकास कार्य शुभारम्भ होस् भन्ने चाहेका छन् । बूढीगण्डकी जलविद्युत् आयोजना, गोरखाकाली रबर उद्योग, प्राद्यौगिक पार्क निर्माणलगायत क्षेत्रमा काम गर्नुपर्ने छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "साथै पूर्वाधार विकास, सडक तथा पुल निर्माण गर्नुपर्ने विषयलाई मैले प्राथमिकतामा राखेको छु ।" चालु आर्थिक वर्षको नीति कार्यक्रम र बजेटमा यस क्षेत्रका केही विषय समेट्न सहज नभए पनि आगामी आवको नेतृत्व आफैँले गरिरहेकाले आगामी आव नयाँ, विकाससँग सम्बन्धित र जनतालाई उत्साहित पार्ने किसिमक बजेट आउने उहाँले बताउनुभयो।

## प्राविधिक र गुणस्तरीय शिक्षा अहिलेको आवश्यकता: राष्ट्रपति

पोखरापत्र संवाददाता
पोखरा, २३ चैत




राष्ट्रपति रामचन्द्र पौडेलले प्राविधिक र गुणस्तरीय शिक्षा अहिलेको आवश्यकता रहेको बताउनुभएको छ। तनहुँको भिमाद नगरपालिका-६ स्थित जनज्योति क्याम्पसको आज आयोजित १६औँ वार्षिकोत्सव तथा नवनिर्मित भवनको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै राष्ट्रपति पौडेलले परम्परागत शिक्षाको ढाँचा परिवर्तन गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, "परम्परागत रूपमा प्रदान गरिएको शिक्षाको ढाँचालाई परिवर्तन गरी प्राविधिक र व्यावसायिक नागरिक उत्पादन गर्ने शिक्षाको खाँचो छ । त्यसतर्फ सरकारले नीति बनाउनुपर्छ ।" राष्ट्रपति पौडेलले जनज्योति क्याम्पसले भिमादको मात्रै नभई आसपासका छिमेकी जिल्लाका विद्यार्थीलाई समेत गुणस्तरीय शिक्षा प्रदान गरेकामा

बाँकी अन्तिम पृष्ठमा ▶▶


## पोखरामा राप्रपा नेतासँग एमाले अध्यक्ष ओलीको भेट

पोखरापत्र संवाददाता
पोखरा, २३ चैत

गण्डकी प्रदेशमा नयाँ सरकार गठनका सम्बन्धमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले शुक्रबार पोखरामा राष्ट्रिय प्रजातन्त्र पार्टीका नेतासँग भेटघाट एवं छलफल गर्नुभएको छ।

नेकपा एमालेको ११औँ कास्की जिल्ला अधिवेशनबाट निर्वाचित पदाधिकारीको शपथ समारोहलाई सम्बोधन गर्न यहाँ आउनुभएका अध्यक्ष ओलीले राप्रपाका गण्डकी प्रदेशका संसदीय दलका नेता पञ्चराम गुरुङसँग भेट गर्नुभएको हो । भेटमा अध्यक्ष ओलीले नयाँ सरकार गठनका लागि नेकपा एमाले, माओवादीसहितको गठबन्धनलाई सहयोग गर्न आग्रह गनुभएको राप्रपा गण्डकी प्रदेश संसदीय दलका नेता गुरुङले जानकारी दिनुभयो। चैत २१ गते राप्रपा केन्द्रीय पदाधिकारीको बैठकले एमाले-माओवादीको गठबन्धनलाई समर्थन नगर्ने निर्णय गरेसँगै गण्डकी प्रदेशमा सरकार गठनको विषय अन्योल बनेको छ । राप्रपाले सत्तागठबन्धन बाहिरको दललाई समर्थन गर्नसक्ने सङ्केत गरेसँगै एमाले-माओवादी गठबन्धन सो पार्टीलाई आफ्ना पक्षमा ल्याउन क्रियाशील बनिरहेका अवस्थामा अध्यक्ष ओलीले राप्रपा नेतालाई भेटेर सरकार गठनका लागि सहयोग गर्न आग्रह गर्नुभएको हो । अध्यक्ष ओलीले गण्डकी प्रदेशको समसामयिक राजनीति सम्बन्धमा छलफल गर्नुभएको राप्रपा गण्डकी प्रदेश संसदीय दलका नेता गुरुङले बताउनुभयो। सरकार गठनमा सहयोगका सम्बन्धमा राप्रपाको केन्द्रीय समितिसँग सहकार्य गरेर आएमा आफूहरू सहयोगका लागि तयार रहने गुरुङले बताउनुभयो।



# कालीगण्डकी करिडोरका होटल व्यवसायीलाई स्वच्छ र पर्यटकमैत्री सेवा प्रवाह तालिम

पोखरापत्र संवाददाता
पोखरा, २३ चैत




होटल व्यवसायी महासंघ गण्डकी प्रदेश र नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशले होटल व्यवसायी र मजुदरहरुलाई स्वच्छ र पर्यटकमैत्री सेवा प्रवाहका सम्बन्धमा तालिम दिन सुरु गरेको छ।

यस सम्बन्धी तालिम पहिलो चरणमा कालिगण्डकी करिडोर अन्तर्गतका होटल क्षेत्रका जनशक्तिका लागि आयोजना गरिएको हो । त्यसैगरी मर्स्याङ्दी करिडोरका व्यवसायीलाई समेत तालिमको योजना रहेको छ।

होटल व्यवसायी महासंघ गण्डकीले आज नवलपर ासीको गैंडाकोटमा पत्रकार सम्मेलन आयोजना गरी यही चैत २४ र २५ गते गैंडाकोटमा कालीगण्डकी करिडोरका होटल व्यवसायीहरु तथा त्यसमा काम गर्ने कामदारहरुलाई स्वच्छता र पर्यटकमैत्री सेवा प्रवाहका सम्बन्धमा तालिम दिन लागिएको जनाएको छ। महासंघका अध्यक्ष अर्जुन चोखालका अनुसार तालिममा करिडोर अन्तर्गत गैंडाकोट, बुलिङटार, बौदीकालीका गाउँपालिका लगायत नवलपुर जिल्लाभरिका होटल तथा पर्यटन व्यवसायीहरु र कामदारहरु समेत गरी ७० जनाको सहभागिता रहनेछ । "होटल तथा पर्यटन व्यवसायलाई मर्यादित बनाउने, व्यवसायको स्तरोन्नति गर्ने, विभिन्न तालिम तथा प्रशिक्षणहरु सञ्चालन गरी सेवा व्यवसायलाई गुणस्तरीय बनाउन कार्यक्रमबाट सहयोग पुग्नेछ ।" अध्यक्ष चोखालले भन्नुभयो । पोखरा गण्डकी प्रदेशको राजधानी सहर घोषणा भइसकेको सन्दर्भमा पर्यटन क्षेत्रलाई थप पर्यटकमैत्री बनाउने र यस क्षेत्रमा कार्यरत जनशक्तिलाई खाद्य स्वच्छताका बारेमा जानकारी गराउन कार्यक्रम महत्वपूर्ण हुने बताइन्छ। छिमेकी मुलुक चिनसँगको उत्तरी नाका कोरलादेखी दक्षिणी छिमेकी मुलुक भारतको सुस्ता त्रिवेणीसम्म जोडिएको कालीगण्डकी करिडोर गण्डकी प्रदेशको लाइफलाइनका रुपमा रहेको र विशेष गरी धार्मिक पर्यटनका लागि महत्वपूर्ण रहेको छ । यस क्षेत्रको गुणस्तरीय पर्यटन विकासबाट मात्र ठूलो मात्रामा रोजगारी सिर्जना हुने तथा देशको मजवुत अर्थतन्त्र निर्माणमा सहयोग पुग्ने भएकाले होटल तथा रेष्टुरेन्ट व्यवसायीहरुको क्षमता अभिवृद्धि, कर्मचारीको सीप र दक्षता अभिवृद्धिलाई प्राथमिकता दिइएको अध्यक्ष चोखालले बताउनुभयो।

सहभागीहरुलाई खाद्य स्वच्छता, सरसफाई र पोसाक, पर्यटकमैत्री व्यवहार तथा आचरण, व्यवसायमा प्रविधिको प्रयोग, व्यवसायी र कर्मचारीबीचको सम्बन्ध, व्यवसायको प्रचारप्रसार र प्रवर्द्धन, स्थानीय उत्पादनको व्यावसायिकरण लगायतका विषयहरुमा सिकाइने महासंघका महासचिव देवेन्द्र लम्सालले जानकारी दिनुभयो। तालिमका प्रमुख प्रशिक्षकमा नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेज पोखराका प्रिन्सिपल प्रकाश रेग्मी तथा प्रशिक्षकहरुमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय तनहुँका प्रमुख ज्योति आचार्य, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका अधिकृत कुन्दन मिश्र लगायतका विषय विज्ञहरु रहनुभएको छ । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका निमित्त प्रमुख नविन पोखरेलले काली गण्डकी र मर्स्याङ्दी करिडोरमा रहेका साना तथा मझौला व्यवसायी तथा कामदारहरुलाई समेत स्वच्छता र पर्यटकमैत्री व्यवहारका बारेमा सिकाउनु महत्वपूर्ण रहेकाले तालिम आयोजना गरिएको बताउनुभयो।

पर्यटनको राजधानी पोखरा, बेगनास तथा काठमाडौंम रहेका ठूला र स्तरीय होटलमा दिइएको सुविधा राम्रो रहेपनि अन्यत्र रहेका पर्यटकीय गन्तव्यहरुमा समेत राम्रो र पर्यटकमैत्री व्यवहार आवश्यक रहेको पोखरेलको भनाई छ । उहाँले भन्नुभयो,"पर्यटन क्षेत्रमा हस्पिटालिटीको धेरै महत्व रहेको हुन्छ। गाउँ ठाउँ तथा स्थानीय स्तरमा पनि पर्यटकमैत्री व्यवहार हुन नसके नेपालको बारेमा राम्रो सन्देश जाँदैन । त्यसैले व्यवसायी र कामदारलाई तालिम दिएर सेवा प्रवाहमा सयोग गर्नु पर्यटन बोर्डको दायित्व हो ।" बोर्डले यस्ता खालका तालिमहरु कालीगण्डकी करिडोरको नवलपुर र म्याग्दी तथा मर्स्याङ्दी करिडोरको दमौली र मनाङमा गर्न लागिएको जनाएको छ।

# प्राधिक ...

खुसी व्यक्त गर्नुभयो।

अस्थिर राजनीतिले देश विकासमा बाधा पुगेको बताउँदै राष्ट्रपति पौडेलले राजनीतिलाई स्थिर बनाएर देश विकासमा जुट्न दलहरूलाई आग्रह गर्नुभयो । राष्ट्रपति पौडेलले मुलुकको विकासका लागि सबै दलबीच सहमति र सहकार्य आवश्यक रहेको चर्चा गर्नुहुँदै भन्नुभयो, "मैले सबै दलहरूलाई भनेको छु, विकासका लागि एकजुट हुनुस्, अस्थिर राजनीतिले देश विकासमा बाधा पुग्यो।"

राष्ट्रपति पौडेलले वर्तमान संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई बचाउन आफू निष्ठापूर्वक लागिरहने स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "मलाई यो देश र व्यवस्था बचाउने जिम्मा दिनुभएको छ, यो संविधान, देश र सङ्घीय लोकतान्त्रिक गणतन्त्र बचाउन म निष्ठापूर्वक लागिरहने तपाईहरूसँग कवुल गर्दछु।"

उहाँले तनहुँ जिल्लालाई विशिष्ट जिल्ला बनाउन आफूसँग दुईवटा दृष्टिकोण र कार्यक्रम रहेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "जिपी कोइराला श्वासप्रश्वास केन्द्रलाई शिक्षण अस्पताल बनाउने र हरेक नेपालीलाई एकपटक नआई नहुने खालको भानु साहित्य उद्यान बनाउनुछ ।" राष्ट्रपति पौडेलले देश विकासको मेरुदण्डका रूपमा रहेको शिक्षा क्षेत्रमा पर्याप्त बजेट, भौतिक पूर्वाधार र प्रविधिको व्यवस्था, तालिमप्राप्त दक्ष शिक्षक र व्यवस्थापकीय सुव्यवस्थाको सुनिश्चितता गर्न आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो । उहाँले त्यसको लागि राष्ट्रिय दृष्टिकोण र स्पष्ट, पारदर्शी, वस्तुनिष्ठ समयानुकुल शिक्षा नीति जरुरी छ भन्नुभयो।

संविधानले प्रत्याभूत गरेअनुरुप सहज, सर्वसुलभ र गुणस्तरीय शिक्षाको सुनिश्चितता नै आजको आवश्यकता हो भन्दै उहाँले ज्ञान पुँजी सबैभन्दा ठूलो पुँजी हो जसले भौतिक विकास, संस्कार र सभ्यता निर्माणको जग बसाल्छ भन्नुभयो।

सामाजिक अगुवा एवं शिक्षानुरागीहरूको अथक प्रयासमा डेढ दशकअघि ग्रामीण क्षेत्रमा गुणस्तरीय उच्च शिक्षा उपलब्ध गराउने उद्देश्यले यस क्याम्पसको स्थापना हुनु खुशीको विषय भएको प्रसङ्ग उल्लेख गर्दै राष्ट्रपतिले तनहुँ, स्याङ्जा, नवलपुर र पाल्पा जिल्लाबाटसमेत उच्च शिक्षा अध्ययनका लागि विद्यार्थीको गन्तव्यको रूपमा यसको महिमा बढ्दै जानु स्वभाविक भएको धारणा व्यक्त गर्नुभयो।
राष्ट्रपति पौडेलले जिल्लाको विकास निर्माणका लागि आफूले निरन्तर खबरदारी गर्दै आएको बताउनुभयो। पौडेलले भन्नुभयो, "एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना, बुद्धसिंह मार्गलगायतमा राम्रो काम हुँदैछ । त्यसलाई समयमै सम्पन्न गराउनेतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छु ।" कार्यक्रममा प्रतिनिधिसभा सदस्य शङ्कर भण्डारीले विकासका सवालमा राजनीति गर्न नहुने बताउँदै राजनीतिक दलबीच सहमति र सहकार्यको आवश्यकता औंल्याउनुभयो।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष जितप्रकाश आलेले क्याम्पसले समयसापेक्ष शिक्षा प्रदान गर्दै आएको बताउनुभयो । क्याम्पस प्रमुख केशवराज काफ्लेका अनुसार क्याम्पसमा तीन सय विद्यार्थी अध्ययनरत छन् । यहाँ भिमादका अलवा आसपासका पालिका र जिल्लाबाट समेत विद्यार्थी अध्ययनका लागि आउने गर्दछन् । विद्यालय भवन रु एक करोड १८ लाख लागतमा निर्माण गरिएको हो।


## हार्दिक बधाई



श्री विश्व तण्डुकार

राम बजार पोखरा १०/१५ मा स्थापित श्रीकृष्ण मन्दिर संचालक समितिको १४औं साधारण सभा तथा ७औं अधिवेशनबाट भ्याली स्पोर्ट्स क्लब रामबजारका कोषाध्यक्ष एवं समाजसेवी **विश्व तण्डुकार** अध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनुभएका विश्व तण्डुकार लगायत क्लबका सचिव उपाध्यक्षमा प्रितम गुरुङ, सचिवमा उत्तम गुरुङ, कोषाध्यक्षमा जयन्द्र कुमार राजभण्डारी, सहसचिवमा दान बहादुर गुरुङ लगायत सदस्यहरूमा क्लबका सदस्य कमला गुरूङ, क्लबका सदस्य बिकाश गुरुङ, सोना गुरुङ, अर्जुन तण्डुकार, भिम बहादुर गुरुङ र ईन्द्र गिरी निर्विरोध निर्वाचित हुनु भएकोमा अध्यक्ष लगायत सम्पूर्ण पदाधिकारीहरूको कार्यकालको सफलताको हार्दिक शुभकामना ब्यक्त गर्दछौं।

सम्मर बहादुर श्रेष्ठ
अध्यक्ष तथा
भ्याली स्पोर्ट्स क्लब परिवार
रामबजार १०/१५ पोखरा



## हार्दिक बधाई



श्री कमला गुरूङ

राम बजार पोखरा १०/१५ मा स्थापित श्रीकृष्ण मन्दिर संचालक समितिको १४औं साधारण सभा तथा ७औं अधिवेशनबाट भ्याली स्पोर्ट्स क्लब रामबजारका सदस्य समाजसेवी **कमला गुरूङ** अध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनुभएका कमला गुरुङ लगायत उपाध्यक्षमा गंगा हिताङ, सचिब माया गुरुङ, कोषाध्यक्ष देबु थापा, सहसचिवमा सुशिला थापा, सदस्यहरूमा लक्ष्मी हिताङ, तारा कार्की, कला कार्की, डिलमाया गुरुङ, सरिता रानी र बिष्णु बस्नेत निर्विरोध निर्वाचित हुनु भएकोमा अध्यक्ष लगायत सम्पूर्ण पदाधिकारीहरूको कार्यकालको सफलताको हार्दिक शुभ कामना ब्यक्त गर्दछौं


सम्मर बहादुर श्रेष्ठ
अध्यक्ष तथा
भ्याली स्पोर्ट्स क्लब परिवार
रामबजार १०/१५ पोखरा



## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पोखरामा पाँच दिने उद्घोषण तालिम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २३ चैत



पोखरा ३० लेखनाथ त्रिकाङमा ५ दिने उद्घोषण तालिम सम्पन्न भएको छ । त्रिकाङ नमुना आमा समूहको आयोजना एव पोखरा वडा नम्बर ३० को सहयोगमा चैत १८ गतेदेखि सञ्चालित पाँच दिने उद्घोषण तालिम बिहीबार सम्पन्न भएको हो ।

तालिमको समापन कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि वडा नम्बर ३० का अध्यक्ष दुर्गा प्रसाद सुबेदीले महिलाहरूको क्षमता विकासमा यस्ता खालका तालिम प्रभावकारी बन्ने बताउनुभयो । महिलाहरूमा बोल्ने कलाको विकास गदै कुनै पनि क्षेत्रमा सफल रूपमा नेतृत्व लिन सक्ने तालिमले बनाउने बताउनु भयो । पोखरा महानगरपालिका कार्यपालिका सदस्य भीमकुमारी पुन गर्बुजाले वडाले महिलाको क्षेत्रमा निरन्तर काम गर्ने र महिलालाई विभिन्न प्रकारका सीप प्रदान गर्दै दक्ष र आत्मनिर्भर बनाउन लाग्ने बताउनुभयो ।तालिममा सहभागीहरूको अनुभवको मन्तव्यबाट तालिम प्रभावकारी भएको सहजै अनुमान गर्न सकिएको बताउनु भयो ।

समापन कार्यक्रममा बोल्दै वडासद्स्य विनोद प्रसाद लामिछानेले महिलाको क्षमता विकास गर्ने उद्देश्यले उद्घोषण तालिम राखिएको र अर्को वर्ष तालिम लिएकाहरु बिच बक्तित्व कला प्रतियोगिता आयोजना गर्ने योजना बनाउन लागेको जनाउनु भयो ।

तालिमका प्रशिक्षक एवं पोखरा टेलिभिजनका समाचार प्रमुख घनश्याम पाण्डेले सिक्ने कुरा कहिल्यै पनि सिकेर नसकिने भन्दै तालिमले सहभागीहरूलाई सिक्नलाई उत्पेणा थपेको बताउनु भयो ।पाँच दिनमा आएकोको परिवर्तन सहभागीकै भित्र रहेको प्रतिभालाई आफूले बाहिर ल्याउने काम गरेको बताउनु भयो ।

त्रिकाङ नमुना आमा समूहका अध्यक्ष विष्णु तिवारीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन इन्दिरा सुवेदीले गर्नु भएको थियो ।कार्यक्रममा सहभागी शिव भुजेल,सरला थापा, आशिका थापा भण्डारी र सम्झना बजगाईं लगायतले बोल्नु भएको थियो । तालिममा आयोजक आमा समूह र बहुउद्देश्यीय आमा समूह गरी २८ जना महिलाहरूको सहभागिता रहेको थियो । उहाँहरूलाई प्रमुख अतिथि वडा अध्यक्ष सुबेदी सहित आमा समूहका अध्यक्ष लगायत प्रमाण पत्र वितरण गर्नु भएको थियो ।

# तेश्रो मनुश्री/भिग्नाजित जुनियर टेनिस : यू-८ गर्ल्सतर्फ अमेरा च्याम्पियन, अन्य खेल जारी

पोखरापत्र संवाददाता
पोखरा, २३ चैत



तेश्रो मनुश्री/भिग्नाजित जुनियर टेनिस यू-८ गर्ल्स सिंगल्समा अमेरा गुप्ता च्याम्पियन बनेकी छन् । कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरा रंगशालास्थित टेनिस सेन्टरमा जारी प्रतियोगितामा अमेराले श्रेयाश्री पाण्डेलाई सुपर टाइब्रेकमा १०-३, १०-४ ले पराजित गरेकी हुन् ।

जारी प्रतियोगितामा यू-१६ व्वाइज सिंगल्स ओपनतर्फ फाइनलमा दर्शिल र सृजन भट्टराई फाइनलमा आमने सामने हुनेछन् । सम्पन्न सेमीफाइनलमा दर्शिलले अमन नेपालीलाई ६-०, ६-१ ले र सृजनले शास्वत बज्राचार्यलाई ७-६, ६-४ को सोझो सेटमा पराजित गरेका थिए । यता गर्ल्सतर्फ सुनिरा थापाले आयशा म्याक्लानलाई ६-०, ६-० को सोझो सेटमा तथा दिव्यता भण्डारीले आरुषी तुलाचनलाई ६-२, ६-० ले पारजित गरी फाइनलमा स्थान पक्का गरे । यू-१० गर्ल्स सिंगल्समा सारा पन्त र जिवाश्री भट्टराई फाइनलमा प्रवेश गरेका छन् । आज भएको सेमीफाइनलमा साराले नैरा छोदेन गुरुङलाई ६-०, ६-० ले र जीवाश्रीले ताभिसी रानालाई ६-४, ६-३ ले हराएका थिए । त्यस्तै ब्वाइजतर्फ अर्याशराज पौडेल र निश्चल ज्ञवालीले फाइनलमा स्थान बनाए । अर्याशले सेमीफाइनलमा सभ्यजङ्ग कार्कीलाई ७-६, ६-२ ले र निश्चलले वेदान्त चालिसेलाई ६-१, ६-४ ले पराजित गरे । जारी प्रतियोगितामा यू-१२ गर्ल्स सिंगल्समा सारा पन्तले ऐरा खत्रीलाई ६-०, ६-० ले र अनुश्री धोजुले जिवाश्री भट्टराईलाई ६-०, ६-१ ले पराजित गरी उपाधि नजिक पुगेका छन् । यू-१२ ब्वाइज सिंगल्समा अर्याशराज पौडेलले सभ्याजङ्ग कार्कीलाई ६-०, ६-१ ले हराउँदै फाइनलमा पुगे । त्यस्तै यू-१४ ब्वाइज सिंगल्समा डोजेन गुरुङले प्रतिद्वन्दी अड्रिन थापालाई संघर्षपूर्ण खेलमा पराजित गर्दै सेमीफाइनलमा प्रवेश गरे । उनले २-६, ७-६, (१०-७) ले सुपरटाई ब्रेकमा खेल आफ्नो पक्षमा पार्दै सेमीफाइनल यात्रा तय गरेका हुन् ।

त्यस्तै सोही उमेर समुहको एक अर्को खेलमा प्रफुल्ल श्रेष्ठले युवेनमान श्रेष्ठलाई ६-०, ६-१ को सोझो सेटमा पराजित गरेका छन् भने सन्दिप विकले रनिश श्रेष्ठलाई ६-० र ६-२ ले तथा स्पन्दन उदासले सन्दिप जीशीलाई ६-२, ६-१ ले पराजित गरी अन्तिम चारको यात्रा तय गरे । प्रतियोगिता अन्तर्गत सम्पन्न गर्ल्स ओपन डबल्सतर्फ शाल्भी र आरुषीको जोडी तथा सरिशा र गृष्माको जोडी फाइनलमा भिड्ने पक्का भएको छ । शाल्भी र आरुषीको जोडीले आर्शिया र स्वाराको जोडीलाई ६-०, ६-१ ले र सरिशा र गृष्माको जोडीले आहना र आएशालाई ६-२, ६-० ले पराजित गरेका थिए ।

यू-९ ब्वाइज सिंगल्समा अनमोल श्रेष्ठ र जिवाश विक्रम भट्टराई वाक ओभर पाउँदै सेमीफाइनलमा प्रवेश गरेका छन् भने ब्वाइजतर्फ इभान भट्टराईले सोनाम छिरिङ शेर्पालाई ४-०, ४-० ले पराजित गरी फाइनलमा पुगे । यता यू-९ गर्ल्स सिंगल्सतर्फ नायरा छोदेन घलेले समृद्धि खत्रीलाई ४-१, ४-१ ले ताभिसी रानाले जियोभानी केसीलाई ४-२, ४-१ ले पराजित गरी फाइनल यात्रा तय गरे ।

शनिबार हुने प्रतियोगितामा ६ वटा फाइनल तथा विभिन्न उमेर समुहका ११ वटा सेमीफाइनल खेल सञ्चालन हुने आयोजक कास्की टेनिसले जनाएको छ ।

प्रतियोगितामा यू-१२ ब्वाईज तथा गर्ल्स सिंगल्स बिजेताले जनही नगद रु १० हजार तथा उपबिजेताले जनही नगद रु ५ हजार सहित मेडल प्राप्त गर्नेछन् । यू-१४ ब्वाईज तथा गर्ल्स सिंगल्स बिजेताले समान जनही नगद रु १५ हजार, उपबिजेताले समान जनही नगद रु ७ हजार ५ सयसहित मेडल प्राप्त गर्नेछन् ।

यू-१६ ब्वाईज तथा गर्ल्स सिंगल्स बिजेताले समान जनही नगद रु २० हजार उपबिजेताले समान जनही नगद रु १० हजार तथा ब्वाईज तथा गर्ल्स ओपन डबल्सतर्फ बिजेताले समान जनही नगद रु २० हजार उपबिजेताले समान जनही नगद रु १० हजारसहित मेडल प्राप्त गर्नेछन् ।

प्रतियोगितामा पोखरा, बुटवल, काठमाण्डौ र चितवनका खेलाडीहरुको सहभागिता छ । प्रतियोगिता सम्पन्न गर्न करिव ४ लाख खर्च हुनेछ । प्रतियोगितालाई कुमार श्री मोहन बहादुर शाहीले मुख्य प्रायोजन गरेका छन् । उनले विगत तीन वर्ष देखि आफ्ना नाती-नातीनाको नाममा उक्त प्रतियोगितामा प्रायोजन गरेका हुन् ।

# लायन्स सेन्ट्रल गार्डनद्वारा एसइइ विद्यार्थीलाई निःशुल्क प्राविधिक शिक्षा

पोखरापत्र संवाददाता
पोखरा, २३ चैत

लायन्स क्लब अफ पोखरा सेन्ट्रल गार्डनले एसइइ विद्यार्थीलाई निःशुल्क प्राविधिक शिक्षा दिने भएको छ ।

क्लबले सन् २०१६ देखि हरेक वर्ष विद्यार्थीलाई उद्घोषण, भाषणकला, कार्यक्रम प्रस्तोता, नेतृत्व विकास, आधारभूत कम्प्युटर र पत्रकारिता विषयमा निःशुल्क तालिम सञ्चालन गर्दै आएको छ । लायन वर्ष २०२३/२४ का अध्यक्ष तुलबहादुर रानाभाटले क्लबको वार्षिक कार्यक्रम पढाऔं अभियान अन्तर्गत यो वर्ष पनि विद्यार्थीलाई प्राविधिक तालिम दिन लागिएको बताए ।

क्लबले अघिल्लो वर्ष २१ जना विद्यार्थीलाई झण्डै दुई लाख राशि बराबरको निःशुल्क प्राविधिक तालिम प्रदान गरेको संस्थापक अध्यक्ष हरि भाटले जानकारी दिए । तालिम गण्डकी हाईटेक कम्प्युटर तथा व्यवहारिक सीप विकास केन्द्र बगरको प्राविधिक सहयोगमा सञ्चालन हुने पूर्व अध्यक्ष सुब्बा घिमिरे बताउँछन् । दुई दशक अगाडिदेखि पोखराका प्रतिष्ठित तालिम केन्द्रमा सहजीकरण गदै आएका प्राविधिकद्वारा दिइने शिक्षाले भाइबहिनीलाई आगामी दिनमा उल्लेख्य सहायता पुग्ने पूर्व अध्यक्ष आनन्द पौडेलको आँकलन छ ।

# चार दिनदेखि लागेको डढेलो अझै नियन्त्रण भएन

पोखरापत्र संवाददाता
म्याग्दी, २३ चैत

म्याग्दीको बेनी नगरपालिका-२ बगरफाँटको बगरफाँट सामुदायिक वनमा गत मङ्गलबारदेखि लागेको डढेलो चार दिन बितिसक्दा पनि नियन्त्रणमा आउन सकेको छैन ।

बगरफाँट गाउँको शिरानमा रहेको उडाइनो झरना र कोप्रे झरना आसपासका क्षेत्रबाट फैलिएको आगोले बेनी खानेपानी र बगरफाँट खानेपानी आयोजनाका पाइप जलाएपछि खानेपानीको हाहाकार भएको छ भने सयौँ हेक्टर जङ्गल नष्ट भएको छ । वन्यजन्तु, चराचुरुङ्गी र वन पैदावर नष्ट भएका छन् । मङ्गलबार दिउँसोदेखि सुरू भएको आगलागीले बेनी-२ बगरफाँट र बेनी-३ भकिम्लीका लरेनी, बिरखानीलगायत आसपासको वनभरि फैलिएको बगरफाँटका तोपबहादुर कार्कीले बताउनुभयो । "आगो नियन्त्रण बाहिर छ, मानवीय प्रयासमा नियन्त्रणको सम्भावना छैन, धुवाँको मुस्लोले बस्तीमा बस्नै गाह्रो भएको छ", कार्कीले भन्नुभयो । डढेलो फैलिएर बेनी-३ भकिम्लीको तल्लो बस्तीसम्म पुगेको छ । वनबाट बस्तीमा आगो पस्न सक्ने खतरालाई दृष्टिगत गरी भकिम्लीको तल्लो क्षेत्रका बस्तीमा सतर्कता अपनाउन अनुरोध गरिएको वडाध्यक्ष पदमबहादुर पुनले बताउनुभयो । "आगलागीले सयौ हेक्टर वन क्षेत्रमा क्षति पुऱ्याएको छ । कसरी आगो लाग्यो भन्ने कुरा अझै यकिन भएको छैन्", उहाँले भन्नुभयो । आगलागीले ससाना बिरुवा र बुट्यानहरू नष्ट हुनाका साथै वन्यजन्तु र चराचुरुङ्गीका बासस्थान नासिएका छन् । म्याग्दी जिल्लामा विभिन्न सामुदायिक वनमा लागेको आगो स्थानीय उपभोक्ताले निभाउने प्रयास गरे पनि साधनस्रोत र जनशक्तिको अभावले समस्या भएको बताइएको छ । जिल्लामा आगलागीले सदरमुकाम बेनीबजारसँगै जोडिएका बराहपाखो सामुदायिक वनसहित जिल्लाभरका सामुदायिक तथा सरकारी वनजङ्गल उजाड र पहाडका पाखा डढेलोका कारण कालो र नाङ्गो देखिन थालेका स्थानीय बताउँछन् । हरेक वर्ष नयाँ घाँस पलाउने आसमा डढेलो लगाउने गरिएको तथ्याङ्कले देखाउँछ । भौगोलिक कठिनाइ र भिरालो वनमा आगो लागेकाले नियन्त्रण गर्न कठिन हुने गरेको डिभिजन वन कार्यालय म्याग्दीले जनाएको छ । आगलागीका घटनामध्ये ७० प्रतिशत मान्छेकै कारण हुने गरेको कार्यालयको ठहर छ । वन ऐन, २०७६ को दफा ५० को उपदसफा ४ बमोजिम वनजङ्गलमा आगलागी गर्ने कार्यलाई फौजदारी अभियोग मानिने र यस्तो कार्य गर्नेलाई तीन वर्ष कैद, ६० हजार जरिवाना र दुवै सजायसमेत हुनसक्ने कानुनी व्यवस्था छ । जिल्लामा दिनहुँ वन क्षेत्रमा मानवीय हेलचेक्रयाइँका कारण डढेला लाग्ने गरेको भए पनि यस्ता घटनामा संलग्नको स्थानीयस्तरबाट वास्तविक सूचना नआउँदा अनुसन्धान र कारबाही गर्न समस्या भएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ ।

# नस्ल सुधारका लागि ल्याइएका याक दुब्लाउँदै गए

रासस
मनाङ, २३ चैत

सोलुखुम्बुको याक आनुवांशिक स्रोत केन्द्र स्याङ् बोचेमा उत्पादन भएका शुद्ध नस्लका लागि मनाङ ल्याइएका नौवटा याक दुब्लाउँदै गएका छन् ।

हावापानी तथा भूगोल परिवर्तन हुँदा यिनीहरू राम्ररी फस्टाउन नसकेका गण्डकी प्रदेशको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले जनाएको छ । आकारमा साना भएकाले यहाँका ठूला याकहरूसँगै राख्न पनि समस्या भएको मनाङ याकचौँरी पालन तथा संरक्षण संस्थाका अध्यक्ष सुरेश थकालीले बताउनुभयो । उहाँले भन्नुभयो, "भूगोल परिवर्तन भएर होला त्यति खुसीसँग रमाएको पाइएको छैन । यिनीहरूलाई जोगाउन पनि समस्या जस्तै भएको छ ।" आकारमा साना भएकाले ठूला याकले हानेर मारिदिने डर कायमै रहेको उहाँले बताउनुभयो । अध्यक्ष थकालीले माथि जाने बेला नभएकाले जहाँ वितरण गरिएको थियो सोही ठाउँमा ती याकलाई राखिएको जानकारी दिनुभयो । नार्पाभूमिका लागि छुट्याइएका याकहरू हालसम्म पनि सो पालिकाले नलै जाँदा महिनाको रु ३० हजार खर्च गरी ब्याडका रूपमा पालिरहेको उहाँले बताउनुभयो ।

गत पुस १९ गते सोलुखुम्बुबाट मनाङ हिँडाइएका नौवटा याक मनाङ आइपुगेका थिए । ती याक यहाँका किसानलाई वितरण गरिएको थियो ।

ङिस्याङ गाउँपालिकाको पिसाङ समूहलाई एक, भ्राकास्थित तीन गोठलाई एक तथा नार्सों गाउँपालिकाका तीन समूहलाई एक/एकका दरले वितरण गरिएको थियो । चामे गाउँपालिकामा समहूलाई र तीन गोठको समूहलाई एक/एक वटा वितरण गरिएको छ । बाँकी दुई याक याकचौँरी संरक्षण संस्थामा हेरालुको व्यवस्था गरी राखिएको थियो । चारवटा पालिका रहेको जिल्लामा हरेक पालिकालाई दुईवटाका दरले वितरण गर्ने भनिए पनि नार्पाभूमि गाउँपालिका विकटमा हुनुका साथै त्यहाँका कोही पनि सम्पर्कमा नआएपछि संस्थामै राखिएको अध्यक्ष थकालीले बताउनुभयो । २५ प्रतिशत किसानले बेर्होर्ने गरी वितरण गरिएका सबै याकको बीमा गरिएको, काटमार तथा बेचबिखन गर्न नपाइने सर्त राखिएको उहाँको भनाइ छ ।

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले ल्याएका सबै भाले याक हुन् । हाडनाता प्रजननूले मनाङका याकको नस्ल राम्रो नभएकाले किसानको २५ प्रतिशत लागत साझेदारीमा ती याक वितरण गरिएको निर्देशनालयले जनाएको छ । सरकारी मूल्यअनुसार रु २० देखि २५ हजारमा ती याक किनिएको हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : मानसिक तनाब |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# महिलालाई आत्मनिर्भर बनाउँदै सहकारी

पोखरापत्र संवाददाता
तनहुँ, २३ चैत

तनहुँको शुक्लागण्डकी नगरपालिका-६ खैरेनीटारमा रहेको खैरेनीटार महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाले महिलालाई आत्मनिर्भर बनाउने नीतिसहित कार्यक्रमलाई अगाडि बढाएको छ । नगरपालिका क्षेत्रभित्रका महिलालाई सहकारीमा आबद्ध गरी उनीहरूलाई आत्मनिर्भर बनाउने कार्यक्रमलाई जोड दिएको हो ।

सहकारीले शेयर सदस्यलाई स्वरोजगार र उद्यमशील बनाउन विभिन्न सीपमूलक तालिम सञ्चालन गर्दै आएको सहकारीका अध्यक्ष सुशीला गुरुङले बताउनुभयो । सहकारीका सदस्यलाई अकबरे खुर्सानी, मौसमी तथा बेमौसमी तरकारीखेती, पशुपालन, कुखुरापालन, बेसार तथा अदुवाखेती, सिलाइबुनाईलगायत तालिम सञ्चालन गरी स्वरोजगार बनाउँदै आइएको उहाँले जानकारी दिनुभयो । गुरुङले सहकारी संस्थाको ३४ वटा इकाइका सदस्यलाई तालिम सञ्चालन गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "सदस्यहरूले उत्पादन गरेको कृषि उपज सामग्री बजारीकरणका लागि सहकारी संस्थाले सहयोग गरिरहेको छ ।" शुक्लागण्डकी नगरपालिका-२ का सदस्यलाई बाख्रापालन व्यवसाय विकास गर्न दुईवटा उन्नत जातका बोका अनुदानको रूपमा सहयोग गरेको छ ।

सहकारीले अकबरे खुर्सानी विकास गर्नका लागि वडा नं ६ का सदस्यलाई बीउ वितरण गरेको छ भने कालीभञ्ज्याङ क्षेत्रमा नेट जाली, प्लाष्टिक टनेललगायत सामग्री प्रदान गरेको छ । संस्थाले सदस्यको उद्यमशीलता वृद्धि गर्नका लागि वडा नं २ मा बेसार उत्पादनसम्बन्धी तालिम प्रदान गरी बीउ वितरण गरेको अध्यक्ष गुरुङले बताउनुभयो ।


गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
पर्यटन तथा उद्योग कार्यालय, कास्की

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/१२/२२

यस कार्यालयबाट मिति २०७३/०२/२३ मा कास्की जिल्ला पोखरा २३ कास्कीमा संचालन गर्ने गरि पोखरा-३३ कास्की निवासी कल्पना खत्री लामिछानेको नाउँमा दर्ता भएको फर्म दर्ता नं. ११६८६/०७२/०७३ (२६९) को आषिका ब्लक उद्योग नामक प्राईभेट फर्म मिति २०८०/१२/२२ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

पर्यटन तथा उद्योग कार्यालय
कास्की

# समुन्नत र समृद्ध नेपाल नै नेपालीको चाहना : राष्ट्रपति

**पोखरापत्र संवाददाता**
लमजुङ, २३ चैत

राष्ट्रपति रामचन्द्र पौडेलले राजनीतिक परिवर्तनपछिको अबको मुलुकको आवश्यकता भनेको अर्थतन्त्रलाई चलायमान, गतिशिल र सुदृढ बनाएर तीव्र देश विकासको जनताको चाहनालाई पूरा गर्नु रहेको बताउनुभएको छ ।

‘स्थानीय उत्पादन, उद्योग, पर्यटन तथा पूर्वाधारः मौलिक कला संस्कृति समृद्ध लमजुङको आधार’ भन्ने नारासाथ आजदेखि प्रारम्भ भएको आठौँ लमजुङ महोत्सव, २०८० को उद्घाटन तथा लमजुङ भ्रमण वर्ष २०८१ को घोषणा समारोहलाई बेसीसहरमा सम्बोधन गर्दै उहाँले मुलुकमै उत्पादन र रोजगारी बढाएर आयात घटाउने तथा निर्यात बढाउनेतर्फ विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

“त्यसका लागि श्रम गर्नेको सम्मान गर्ने संस्कृति बसाल्नु अपरिहार्य छ, मुलतः कृषि, पर्यटन, जलस्रोत र उद्योग व्यवसायको विकासबाट नै हामीले औद्योगिकरणको मार्ग प्रशस्त गर्न सक्दछौं जुन ठूलो त्याग, बलिदान र सङ्घर्षबाट प्राप्त हाम्रो संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको पनि लक्ष्य हो”, राष्ट्रपति पौडेलले भन्नुभयो । उहाँले राजनीतिक दल, सरकार र नीति निर्माताहरूले सुदृढ गणतन्त्र, सबल अर्थतन्त्र, समुन्नत र समृद्ध विकसित आधुनिक नेपाल नै नेपालीको चाहना हो भन्ने भुल्नु हुँदैन भन्नुभयो ।

निजी क्षेत्रसँगको सहकार्यमा यहाँको पर्यटन क्षेत्रलाई आवश्यक जनशक्ति विकास तथा मौलिक कला, संस्कृति, सम्पदा र रैथाने उत्पादनलाई पर्यटनसँग आबद्ध गराउनुपर्नेमा उहाँले जोड दिनुभयो । उत्पादन, उत्पादकत्व र यस क्षेत्रको आर्थिक उन्नतिमा निजी क्षेत्रको नेतृत्वदायी भूमिका स्थापित गर्नुपर्ने आवश्यकता छ भन्दै उहाँले जलविद्युतका धेरै आयोजनाहरू यसै क्षेत्रमा निर्माण भइरहेकाले भविष्यमा ऊर्जाको आपूर्ति सहज हुने हुँदा यस क्षेत्रमा उद्योग स्थापना गर्ने वातावरण समयमै सृजना गर्नु उपयुक्त हने धारणा व्यक्त गर्नुभयो । देशका विभिन्न भागमा हुने महोत्सव तथा मेला पर्वहरूले सो क्षेत्रका धर्म, कला, संस्कृति, परम्परा संरक्षण र सम्वर्द्धन तथा यस क्षेत्रको पर्यटन, व्यवसाय तथा उत्पादनको प्रवर्द्धन, औद्योगिक पूर्वाधार परियोजनाका लागि लगानीमैत्री वातावरणसमेत सृजना गर्न महत्वपूर्ण भूमिका खेल्ने राष्ट्रपति पौडेलले विश्वास व्यक्त गर्नुभयो । “भौगोलिक रूपमा नेपालकै मध्यभागमा अवस्थित लमजुङ जिल्ला अनुपम प्राकृतिक सौन्दर्य, आस्थाका धरोहरका रूपमा धार्मिक सम्पदाहरू, गौरवपूर्ण ऐतिहासिक गाथा, लोकतान्त्रिक राजनीतिक आन्दोलनको उर्वर भूमि, साहित्य तथा सास्कृतिक पक्षका दृष्टिले पनि आकर्षणको केन्द्रमा रहेको छ”, राष्ट्रपति पौडेलले भन्नुभयो । विसं २००७ सालको परिवर्तनको पूर्वसन्ध्यामा जातीय भेदभाव, छुवाछुतविरुद्ध सामाजिक आन्दोलनको चम्किलो जागरण बनेको हलो क्रान्ति यही भूमिबाट उब्जिएको प्रसङ्ग उल्लेख गर्दै उहाँले राजनीतिक चेतनाका लागि ब्राह्मणहरूले चलाएको सामाजिक जागरणको उक्त अभियानले राणाशासनको जग नै हल्लाइदिएको र यहीबाट प्रजातन्त्रको उज्यालो प्रकाश पहाडी कन्दरा फैलिएको थियो भन्नुभयो । उहाँले आजको नेपालमा लमजुङ लुकेको सम्पत्ति (हिडन ट्रेजर)का रूपमा रहेको र यहाँको हावापानी माटो र सिङ्गो प्रकृति अनुपम छ, कृषि क्रान्ति, पर्यटनको विस्तार र जलस्रोतको विकास तिनवटै कुराको सशक्त आधार भूमि लमजुङ भएको बताउनुभयो । “यसमा अन्तरनिहीत सम्भावनालाई उजागर गर्न सके समृद्धिको स्वर्ग यही नै भेटिन्छ, रोजगारी र आम्दानीको खोजीमा देश विदेशमा भौतारिरहनु पर्दैन”, राष्ट्रपतिपौडेलले भन्नुभयो। विश्वमै उत्कृष्ट पर्यटकीय पदयात्राको ख्याती कमाएको अन्नपूर्ण पदमार्गको प्रवेशद्वारका कारण आवश्यक सुविधा र पूर्वाधार खडा गरी यसले पर्यटन व्यवसायबाट लाभ लिन सक्ने प्रशस्त सम्भावना रहेको उहाँको भनाइ थियो । आन्तरिक पर्यटनको केन्द्र बनेको घले गाउँ, काउलेपानी र भुजुङसहितका गाउँ अनि होमस्टेहरू मात्र हैन गाउँसहर बैँसीसहर, राइनासटार, भोर्लेटार हुँदै चितिदेखि चसङ् कूसम्म, घनपोखरादेखि डाँडा-कुन्छासम्म र विचौरदेखि रिस्ति रम्घासम्मका पुराना नामी गाउँहरूले यहाँको मनोरम ऐतिहासिक आकर्षणको आयामलाई बढाइदिएको उहाँले बताउनुभयो । “यहाँको जस्तो जमिन रसिलो हो, मान्छे पनि रसिला र पाखा पखेरा पनि हसिला छन् । आफै हुर्केबढेको, सङ्घर्ष र आन्दोलनका उकाली ओराली गरेको यही सुन्दर प्रकृति, संस्कृति र पाखा पखेरा देखेपछि अनि मलाई भन्न मन लाग्छ : ‘लाग्दछ मलाई रमाइलो मैरै पाखा पखेरा, हिमालचुली मुन्तिर पानी भर्ने पँधेरो”, उहाँले भन्नुभयो ।

‘धार्मिक, ऐतिहासिक, साँस्कृतिक र प्राकृतिक सम्पदाः दीगो पर्यटन उद्योग - समुन्नत लमजुङको मार्गदिशा’ भन्ने अवधारणासाथ जिल्लाका भौगोलिक, ऐतिहासिक, साहित्यिक तथा साँस्कृतिक पर्यटनका गन्तव्यहरूका अलावा प्राकृतिक सम्पदाहरूको प्रचारप्रसार गरी जिल्लाको दीगो पर्यटन प्रवर्द्धनमा सहयोग पुरयाउन यस्ता कार्यक्रमले सहयोग दिने उहाँले विश्वास व्यक्त गर्नुभयो । “यस्ता अभियान र गतिविधिले राष्ट्रिय अर्थतन्त्रमासमेत महत्वपूर्ण टेवा पुऱ्याउने छ भन्ने विश्वास लिएको छु”, उहाँले भन्नुभयो ।

त्यस अवसरमा सांसद उर्मिला माझीले जनताको अवस्था बदल्न सरकार अघि बढिरहेको बताउनुभयो । उहाँले लमजुङको विकासमा सबै एकजुट हुन आवश्यक रहेको उल्लेख गर्नुभयो । गण्डकी प्रदेशका प्रदेशसभा सदस्य भेषबहादुर पौडेलले लमजुङ जलविद्युत् पर्यटन क्षेत्रको हिसावले परेको धारणा राख्नुभयो । लमजुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष भरतकुमार श्रेष्ठले पछिल्लो समयमा जिल्लामा सुस्ताएको पर्यटन व्यवसायलाई पुनरुत्थान गर्न महोत्सव आयोजना गरिएको बताउनुभयो । स्थानीय उत्पादन, जडीबुटी तथा परम्परागत सीप र प्रविधिको प्रबर्द्धनका लागि महोत्सव आयोजना गरिएको उहाँको भनाइ छ । महोत्सवमा दुई सय एक वटा प्रदर्शनीकक्ष राखिएको छ । महोत्सव दुई लाखले अवलोकन गर्ने र करिब रु एक करोडको कारोबार हुने अपेक्षा गरिएको छ । महोत्सव सुरुअघि लमजुङका विभिन्न जातजातिहरूको झाँकीसहितको ऱ्याली निकालिएको थियो । महोत्सव आगामी वैशाख ३ गतेसम्म सञ्चालन हुनेछ ।

# २८ औं स्थापना दिवसको अवसरमा पोखरा वृद्धाश्रमलाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २३ चैत



पोखरा ७ मासबारमा रहेको महिला विकासका लागि आमा समुहले आफ्नो २८ औं स्थापना दिवसको अवसरमा पोखरा वृद्धाश्रममा सहयोग गरेको छ । वृद्धाश्रमको अक्षयकोष स्थापनार्थ नगद रु २८ हजार १ सय सहित वृद्धवृद्धाका लागि फलफूल सहयोग गरेको हो ।

सहयोग ग्रहण गर्दै पोखरा वृद्धाश्रमका अध्यक्ष कुसुम केशव पराजुलीले हाल वृद्धाश्रममा संघसस्था तथा व्यक्तिले विभिन्न शुभकार्यमा खाद्यन्न र तयारी खाना सहयोग गर्दै आएको बताउँदै कहिले खाद्यन्न सामान कुहिने त कहिले खाद्यन्न अभावमा वृद्धाश्रमलाई आर्थिक जोह गर्न कठिन हुने भएकाले अक्षयकोष स्थापना गरेर सहयोग संकलन गर्न थालिएको बताउनुभयो । वि.सं.२०५३ सालमा ५ जनाबाट सुरु भएको वृद्धाश्रममा समाजका गरिब, विपन्न तथा असहाय वर्गका २६ महिला र २४ पुरुष गरि ५० जना आमाबुबा , आठ सेवकसेवीकासहित ५८ जना आवद्ध रहेको उहाँले जानकारी दिनुभयो । कार्यक्रमा महिला विकासका लागि आमा समुहका सल्लाहकार एवम समाजसेवी शोभाचन्द्र बरालले असाहय र परिवारबाट अपहेलित भएका आमाबुबाको हेरचाहमा निरन्तर लागि परेको पोखरा वृद्धाश्रमलाई सबैले सहयोग गर्न पर्ने बताउदै आमा समुहले आफ्नो स्थापना दिवसमा वृद्धाश्रममा सहयोग गरेर पुण्य आर्जन गरको बताउनु भयो । अर्का सल्लाहकार एवम भुतपुर्व अध्यक्ष महाकाली बरालले २०५२ सालमा महिलाहरुलाई एकजुट गराइ समुह स्थापना भएको स्मरण गर्दै आमा समुहको सक्रियताले आफुलाई खुसी बनाएको बताउनुभयो । समुहका अध्यक्ष तुलसी बरालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा स्वागत उपाध्यक्ष अन्जु आचार्य पण्डित र संचालन सह सचिव उमा आचार्यले गर्न भएको थियो ।

# पौडेल वंश महासंघ नेपाल गण्डकी प्रदेशको दोस्रो अधिवेशनको तयारी पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, २३ चैत

पौडेल वंश महासंघ गण्डकी प्रदेशको भोलि चैत २४ गते हुने दोस्रो अधिवेशनको सम्पूर्ण तयारी पूरा भएको छ ।

‘पौडेल थर, हाम्रो साझा घर’ भन्ने मुल नारासहित पोखराको न्यूरोडमा अवस्थित सिटी पार्टी प्यालेस दिपसागर होटलमा हुने अधिवेशनको पौडेल वंश महासंघका केन्द्रीय अध्यक्ष हरिराम पौडेलले विहान ९.०० बजे उद्घाटन गर्नुहुने महासंघका गण्डकी प्रदेश सचिव एवम् अधिवेशन मूल आयोजक समितिका संयोजक रामजीपौडेलले जानकारी दिनुभयो। चार वर्षे कार्यकालका लागि नयाँ नेतृत्व चयन हुने अधिवेशनमा गण्डकी प्रदेशका मनाङ र मुस्ताङ बाहेक नौ वटा जिल्ला समितिबाट करिब तीन सय जनाको सहभागिता रहने उहाँले जानकारी दिनुभयो ।

अधिवेशनमा महासंघका केन्द्रीय अध्यक्ष हरिराम पौडेल सहित केन्द्रीय उपाध्यक्ष शारदा पौडेल, केन्द्रीय कोषाध्यक्ष युवराज पौडेल, लुम्बिनी प्रदेशबाट केन्द्रीय सदस्य प्रेम पौडेल, केन्द्रीय सदस्य एवम् वंशावली संकलन उपसमितिका संयोजक प्रा.डा.कृष्णप्रसाद पौडेल, गण्डकी प्रदेशबाट प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्य सहित गण्डकी प्रदेश भित्रका उच्च पदस्थ पौडेल बन्धुहरूको सहभागिता हुने आयोजकले जनाएको छ ।

अधिवेशनले अध्यक्ष सहित १७ जनाको कार्यसमिति गठन गरिनुका साथै विभिन्न पाँच वटा उपसमिति गठन गरिने महासंघका केन्द्रिय अध्यक्ष हरिराम पौडेलले जानकारी दिनुभयो । जसमा वंशावली संकलन उपसमिति, कुलपुजा विधि संकलन उपसमिति, स्वास्थ्य सचेतना उपसमिति, अक्षयकोष, मुठीदान उपसमिति र महिला तथा बालबालिका उपसमिति रहेका छन् । उपसमिति गठनसँगै संयोजक पनि त्यही बेला चयन गरिने छ । गत पुस २७ र २८ गते कोहलपुरमा सम्पन्न पौडेल वंश महासंघ नेपालको दोस्रो अधिवेशनबाट हरिराम पौडेलको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएसँगै यही चैत त १७ गते कैलालीको मसुरियामा सुदुरपश्चिम प्रदेश अधिवेशन र १९ गते सुर्खेतको विरेन्द्रनगरमा कर्णाली प्रदेश अधिवेशन सम्पन्न भएको केन्द्रीय अध्यक्ष पौडेलले जानकारी दिनुभयो ।

गण्डकी प्रदेश अन्तर्गत महासंघको जिल्लागत समितिका साथै सबै पालिकामा समेत समितिहरू गठन गर्ने कार्यलाई पनि अघि बढाइसकिएको छ । त्यसै तयारीस्वरुप कास्कीमा पालिका संयोजकहरू तोकिसकिएको छ । जस अनुसार पोखरामहानगरपालिकामाधनञ्जय पौडेल, रुपा गाउँपालिकामा रविनबाबु पौडेल, मादी गाउँपालिकामा पदमप्रसाद पौडेल, माछापुच्छ्रे गाउँपालिकामा सोमनाथ पौडेल र अन्नपूर्ण गाउँपालिकामा रामचन्द्र पौडेल संयोजक रहनुभएको छ ।

# चार सय रोपनी क्षेत्रफलको धानखेतीमा रोगको प्रकोप नियन्त्रण

**पोखरापत्र संवाददाता**
दमौली, २३ चैत

तनहुँको आँबुखैरेनी गाउँपालिकाले धानबालीमा लाग्ने रोगको प्रकोप नियन्त्रणलाई प्राथमिकता दिएको छ ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा गाउँपालिकाका सबै वडामा गरी चार सय रोपनी क्षेत्रफलको धानखेतीमा लागेको रोगको प्रकोप नियन्त्रण गरेको हो । कृषिबाली संरक्षण कार्यक्रमअन्तर्गत धानबालीमा लाग्ने रोग नियन्त्रणलाई प्राथमिकतामा राखिएको गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले रासससलाई जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “धानबालीमा विभिन्न रोगको प्रकोप आउँछ, फड्के किराको प्रकोप, गबारोको प्रकोप, पतेरोको प्रकोपलगायतका समस्या आउँछन्, त्यस्तो प्रकोप नियन्त्रणका लागि पालिकाले योजना बनाएर काम गरिरहेको छ ।” गाउँपालिकाका छ वडामा चार सय रोपनी क्षेत्रफलमा त्यस्ता रोगको प्रकोप नियन्त्रण गरिएको केसीले जानकारी दिनुभयो ।

उहाँका अनुसार कृषि बाली संरक्षण कार्यक्रमअन्तर्गत नै ४० रोपनी क्षेत्रफलमा गरिएको तरकारी बालीको रोग नियन्त्रण गरिएको छ । उहाँले भन्नुभयो, “यो कार्यक्रमअन्तर्गत गाउँपालिकाले प्राविधिक सहयोग, विषादी र स्प्रे पम्प, व्यक्तिगत सुरक्षा सामग्री निःशुल्क प्रदान गरेको छ ।” आगामी दिनमा वन्यजन्तुबाट हुने क्षति न्यूनीकरणका लागि पनि गाउँपालिकाले कार्ययोजना बनाएको छ । उहाँले भन्नुभयो, “कृषकले खेती गरेको बालीमा बाँदर, बँदेल, मृगलगायतले क्षति पुऱ्याउँदा कृषकलाई नोक्सानी भइरहेको छ । यसका लागि के गर्न सकिन्छ त्यसतर्फ अगाडि बढेका छौँ ।” केसीले सुन्तला र तरकारीखेती गर्ने कृषकको माग तथा आवश्यकताअनुसार असिना छेक्ने जालीको व्यवस्था गरिने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “सुन्तला र तरकारी बढी उत्पादन हुने क्षेत्रका कृषकलाई असिनाबाट बाली बचाउन जाली निःशुल्क वितरण गर्छौं, त्यसका लागि कृषकबाट आवेदन माग गरिन्छ ।” यसैगरी कृषि शाखाले कृषकलाई मकैको बीउसमेत वितरण गरेको छ ।

गत आर्थिक वर्षमा परेको लामो खडेरीका कारण कृषकबाट मकैको बीउ संरक्षण हुन नसकेकाले शाखाले यस वर्ष कृषक समूहलाई भूगोलअनुसारको उन्नत जातको मकैको बीउ सहयोग गरेको केसीले जानकारी दिनुभयो ।

गाउँपालिकाले निःशुल्करूपमा मकैको बीउ उपलब्ध गराएपछि कृषक खुसी भएका छन् ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ तथा ३३ जामुनबोट बाट वडा नं. २१ घुर्सेनी जाने बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्होरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः वडा नं.३३ जामुनाबोटबाट वडा नं.२१ घुर्सेनी जाने बाटो
ठेगानाः पोखरा-२१ तथा ३३
योजना शुरु हुने मितिः २०८०/०९/०१ गते
योजना सम्पन्न हुने मितिः २०८१/०१/१५ गते
योजनाको कुल लागतः रु. ५५,५८,३१८/३६
महानगरपालिकाबाटः रु. ५०,००,०००/-
जनसहभागिताबाटः रु.५,५८,३१८/३६
अध्यक्षः बाबुराम राना मगर सम्पर्क नं.: ९८५६०३९६८९
निर्माण समिति सदस्य संख्याः ११
महिलाः ३, पुरुषः ७

**वडा नं. ३३ जामुनाबोटबाट वडा नं. २१ घुर्सेनी जाने बाटो निर्माण उपभोक्ता समिति पोखरा-२१ तथा ३३**


# वर्तमान सत्ता समीकरणलाई कमजोर हुन दिँदैनौं : अध्यक्ष ओली

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २२ चैत

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले अहिलेको सत्ता समीकरणलाई कमजोर हुन नदिइने बताउनुभएको छ ।

नेकपा एमाले स्याङ्जाको नवौं जिल्ला अधिवेशनको आज स्याङ्जाको पुतलीबजारमा उद्घाटन गर्दै उहाँले अहिलेको समीकरणलाई कमजोर हुन नदिने र थप मजबुद बनाउँदै लगिने बताउनुभएको हो । “यसअघि भएको गठबन्धन धेरैबेर टिक्दैन भनेको थिएँ, भयो पनि त्यस्तै”, उहाँले भन्नुभयो, “उक्त गठबन्धन खरानीको डल्लोजस्तो थियो, जुन पानी परे पनि फुट्थ्यो, सुके पनि फुट्थ्यो, अहिलेको गठबन्धन कमजोर नभई बलियो छ ।”यो समीकरणलाई देखेर आन्तरिक तथा बाह्य शक्तिहरूको रुवाबासी सुरु भएको उहाँको भनाइ थियो । “नेकपा एमाले यस्तै सरकार बनाइहने हेरफेर गरिरहने खेलमा लागिरहन्छ भन्ने पक्षमा होइन”, उहाँले भन्नुभयो, “देशलाई त्यही अवस्थामा छाड्ने हो भने देशमा राजनीतिक अस्थिरता, अराजकता हुने भएकाले निकासका लागि नयाँ समीकरण बनाएका हौं ।” कम्युनिष्ट आन्दोलनलाई आन्तरिक तथा बाह्य शक्तिहरूले घेराबन्दीमा हाल्ने र प्रहार गर्ने कोशिस भए पनि केही सीप नचल्ने बताउनुभयो । उहाँले भ्रष्टाचारका विरुद्ध र सुशासनका पक्षमा पार्टीलाई अगाडि बढाउँदै ‘मिसन ८४’ लाई निर्णायक तहमा पुऱ्याउने गरी अगाडि बढ्न नेता कार्यकर्तालाई निर्देशन दिनुभयो ।

# दम्पती हत्या घटना : अनुसन्धान जारी, दोषी पत्ता लगाउन सकस

**पोखरापत्र संवाददाता**
पर्वत, २३ चैत

जलजला गाउँपालिका-२ मा विभत्स हत्या भएका जिसी दम्पतीको एउटै चितामा दाहसंस्कार गरिएको छ ।

सोमबार राति स्थानीय ६९ वर्षका सूर्यबहादुर जिसी र उहाँकी श्रीमती ६७ वर्षीया कमला जिसीको हत्या भएको थियो । घटना भएको चार दिनपछि बिहीबार दिउँसो कालीगण्डकी किनारमा अन्त्येष्टि गरिएको हो । जिसी दम्पतीको अन्त्येष्टिमा पर्वत र म्याग्दीका स्थानीयको ओइरो नै लागेको थियो । कोरियामा रहेका दुई छोरा बुधबार साँझ आइपुगेपछि बेनी अस्पतालमा रहेका शव परीक्षण गरेर दाहसंस्कार गरिएको हो । दुई छोरा कोरिया र एउटा छोरा म्याग्दीको बेनीमा व्यवसायी छन् । वृद्ध दम्पतीलाई हत्या नै गर्नुपर्ने कुनै कारण नदेखिएको स्थानीय लालबहादुर अधिकारीले बताउनुभयो । अकल्पनीय र सुन्नै नसकिने घटनाले गाउँ नै शोकमग्न बनेको उहाँको भनाइ छ । दम्पती हत्या भएको पाँच दिनसम्म पनि दोषी पक्राउ पर्न सकेका छैनन् ।

नेपाल प्रहरीको गण्डकी प्रदेश कार्यालय र जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोली अहिले पनि गाउँमै अनुसन्धानमा व्यस्त रहेको छ । आफन्त वा शङ्कास्पद व्यक्तिलाई शोधपुछ गर्ने, बयान लिने र अन्य प्राविधिक कोणबाट अनुसन्धान कार्य जारी रहेको जिल्लाका प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक खुमलाल भुसालले जानकारी दिनुभयो ।

जिसी दम्पतीलाई लुटेराले नै हत्या गरेको प्रहरीको ठहर छ । गरगहना लुटपाट गर्ने, अन्य सम्पत्ति खोजीका लागि बाकस तोडफोड गर्नेजस्ता घटनाले लुटेरा समूहले हत्या गरेको प्रहरीको निष्कर्ष रहेको छ। जिसी परिवारले एक सातापछि कास्कीको पोखरामा जग्गा किन्ने तयारीसमेत गरेको खुलेको छ । जग्गा खरिदका लागि रकम जुटाइरहेको र त्यही रकम लुट्ने उदेश्यले दम्पतीको हत्या भएको हुनसक्ने प्रहरीको अनुसन्धानको निष्कर्ष छ । दम्पतीको हत्या सम्पत्ति लुट्ने उद्देश्यले भएको निष्कर्षमा पुगेको प्रहरीलाई हत्या कसले गरेको हो भन्ने विषयमा पाँच दिनसम्म पनि पत्ता लगाउन समस्या देखिएको छ ।

जिसी परिवारका बारेमा पहिचान भएकै व्यक्तिबाट हत्या भएको हुनसक्ने भन्दै विभिन्न कोणबाट अनुसन्धान जारी राखेको प्रहरी नायब उपरीक्षक भुसालले बताउनुभयो ।

जलजला-२ का वडाध्यक्ष प्रकाशबहादुर जिसीले मृतक दम्पतीले यही महिना पोखरामा जग्गा किन्न लागेको जानकारी दिनुभयो । वडाध्यक्ष जिसीका अनुसार पोखरामा जग्गा किन्नका लागि पहिल्यै बैना गरिसकेको र यही महिनाभित्रमा पास गर्ने तयारी गरेको थाहा पाएर रकम लुट्नका लागि हत्या गरेको हुनसक्छ । उनीहरूले स्थानीय साना किसान बचत तथा ऋण सहकारी संस्थाबाट रु पाँच लाख, रोक्का भएको जग्गाबाट रु पाँच लाख ऋण लिने र पछि अरु जग्गाको कागजपत्र मिलाइसकेपछि अरु ऋण थप गर्ने योजना बनाएको जनाइएको छ ।

त्यसैगरी मल्लाज बहुद्देश्यीय सहकारी संस्थाबाट यही चैत २७ गते रु १० लाख लिने तयारी रहेको स्थानीयले बताएका छन् । उहाँहरूले जग्गा पास गर्नका लागि घरमा रकम जम्मा गरेको शङ्कामा लुटपाट गरेको र त्यस क्रममा हत्या भएको हुनसक्ने प्रहरीको अनुमान छ ।